REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 27.07.2024

## PM - GOVERNING COUNCIL

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नीति आयोगको नवौँ परिचालक परिषद बैठकलाई सम्बोधन गर्दै, **विकसित भारत @ 2047** हरेक भारतीयको महत्त्वाकाङ्क्षा भएको बताउनुभयो। उहाँले भन्नुभयो, राज्यहरूले यो लक्ष्य हासिल गर्न सक्रिय भूमिका खेल्न सक्छन् किनभने उनीहरू प्रत्यक्ष रूपमा जनतासँग जोडिएका छन्। उहाँले यो दशक परिवर्तन, प्राविधिक र भू-राजनीतिक र अवसरहरूको भएकाले भारतले यी अवसरलाई सदुपयोग गरी अन्तर्राष्ट्रिय लगानीका लागि उपयुक्त नीति बनाउनुपर्ने कुरामा जोड दिनुभयो। नीति आयोगको परिचालक परिषद बैठक राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा सम्पन्न भएको थियो। वैठकमा राज्य र केन्द्र शासित प्रदेशका मुख्यमन्त्री र उपराज्यपालहरू, पदेन सदस्यका रूपमा केन्द्रीय मन्त्रीहरू र विशेष आमन्त्रितहरू, अनि नीति आयोगका उपाध्यक्ष र सदस्यहरू उपस्थित थिए। यस वर्षको विषय **'विकसित भारत@२०४७'** रहेको छ, जसको उद्देश्य भारतलाई विकसित राष्ट्र बनाउनमा केन्द्रित छ। परिचालक परिषद बैठकमा विकसित भारत**t @2047** मा पत्रदृष्टिबारे छलफल गरिएको छ। बैठकको उद्देश्य केन्द्र र राज्य सरकारहरूबीच सहभागितामूलक शासन र सहकार्यलाई बढावा दिनु, सरकारी हस्तक्षेपहरूको वितरण संयन्त्रलाई दह्लिलो पारेर ग्रामीण र शहरी जनताको जीवनस्तर उकास्नु रहेको छ।

## CM-Land Revive

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको निर्देशनमा पाकिम जिल्लाका बाँझो जमिनलाई पुनर्जीवित गर्ने योजनाको औपचारिक शुभारम्भ गरिएको छ। समृद्ध भविष्यका लागि कृषि, बागवानी तथा पशुपालनलाई अभिवृद्धि गर्ने लक्ष्यका साथ यो रणनीतिक प्रयास शुक्रवार बेङ्थाङ, पाचेखानीमा रहेको अतिरिक्त जिल्लापाल (विकास) कार्यालयको नेतृत्वमा आयोजन गरिएको छ।

## Lok Adalat

सर्वोच्च अदालतका न्यायाधीश सूर्याकान्तले 29 जुलाईदेखि 3 अगस्तसम्म हुने विशेष लोक अदालत सप्ताहमा सहभागी हुन आम नागरिकलाई आग्रह गर्नुभएको छ। आकाशवाणीसँग विशेष कुराकानी गर्दै, न्यायाधीशले सर्वोच्च अदालतको विशेष लोक अदालतमा विवाह र सम्पत्ति विवाद, मोटर दुर्घटना दाबी, जग्गा अधिग्रहण मुआब्जा, सेवा र श्रम सम्बन्धी मुद्दाहरू लगायतका मुद्दाहरू सुल्झाइने जानकारी दिनुभयो। उहाँले पहिलोपटक भिडियो कन्फरेन्सबाट टाढा-टाढाका सहभागीहरूलाई पनि सुविधा उपलब्ध गराई समावेश गराइने बताउनुभएको छ।

## Pakyong-Orchids

ICAR-NRCO, Pakyong मा ICAR-NAIF योजना अन्तर्गत अर्किडमा जैविक पोषक तत्व व्यवस्थापन सम्बन्धी एकदिने तालिम आयोजना गरियो। NRCO डा. L. C. ले जैविक पोषक तत्व समाधानका सामग्रीहरू, प्रयोग गर्नुअघि जाँचका मापदण्डहरू र प्रयोग गर्दाका विधिबारे व्याख्यान दिनुभयो। आई.पी.आर नोडाल अधिकारीले **'एन.आर.सी.ओ जैविक पोषकतत्व समाधान'** लागू गर्दा अपनाउनुपर्ने पूर्व सावधानीबारे चर्चा गर्नुभयो। ICAR-NRCO निर्देशकले प्रशिक्षार्थीहरू प्रत्येकलाई 5 लिटर **एन.आर.सी.ओ जैविक घोल** वितरण गर्नुभयो र एन.आर.सी.ओद्वारा बनाइएका सुख्खा फूलका उत्पादनहरूबारे सचेत गराउनुभयो। त्यसपछि, प्रशिक्षार्थीहरूलाई एन.आर.सी.ओको जैविक पोषक तत्वको घोल तयार पार्ने विधिबारे प्रदर्शन देखाइयो। तालिममा पराखा, कार्तोक र चलमथाङ्का 18 कृषकहरू सहभागी थिए।

## Soreng-"Ek Ped Maa Ke Naam

सोरेङ जिल्लाको बराखेले डाँडामा आज **एक पेड माँ के नाम** अभियान अन्तर्गत जीवनका लागि ईको क्लब अभियानको ब्यानरमा बिरुवारोपण अभियान सञ्चालन गरियो। यो अभियान बराखेला सरकारी प्राथमिक विद्यालयद्वारा आयोजना गरिएको थियो। कार्यक्रममा स्कूलका शिक्षक-शिक्षिका, अभिभावक, कर्मचारी र विद्यार्थी सहभागी थिए। विद्यालय परिसरमा करिब दुई सयभन्दा बढी लालीगुराँस र अन्य बिरुवा रोपिएका छन्।

## Soreng-Spieces Training

रिञ्चेन्पोङ समष्टिको साङ्गादोर्जी ग्राम पञ्चायत एकाइ अन्तर्गत हात्तीढुङ्गामा साङ्गादोर्जी वन धन विकास केन्द्रद्धारा आयोजित हर्दी तथा अदुवाको मसला पाउडर बनाउने दस दिने प्रशिक्षण कार्यक्रम आज समापन भयो। प्रधानमन्त्री वन धन योजना अन्तर्गत साङ्गादोर्जी ग्राम पञ्चायत एकाइका स्थानीय स्वयं सहायता समूहका महिला सदस्यहरूका लागि घरेलु शिल्प विकास गर्नहेतु यो प्रशिक्षण सञ्चालन गरिएको हो। उल्लेख्य, प्रधानमन्त्री वन धन योजना र वन धन विकास योजना केन्द्र सरकारले जनजाति मामिला मन्त्रालय अन्तर्गत 2019 मा देशव्यापी रूपमा सुरु गरेको एक महत्त्वाकाङ्क्षी योजना हो। यसको उद्देश्य देशका जनजाति समुदायहरूको आजीविकामा सुधार ल्याउनु हो। यो योजनामार्फत ग्रामीण क्षेत्रका जनजाति मानिसहरूको उत्पादन बढाएर उनीहरूमा सीप र क्षमता निर्माण गरी उनीहरूको आयस्रोतमा वृद्धि ल्याउनु पनि हो।